॥ श्री ॥

# सुनसरी जिल्ला अदालत

## इनरुवा, सुनसरी

फ्याक्स नं. ०२५-५६०१९४
फोन नं. ०२५-५६०९५२
Email-info.dcsunsari@supremecourt.gov.np

प.सं. :- ०७६/०७७
च.नं. :-

मिति-२०७६/१२/२८

**सूचना !** **सूचना !** **सूचना !**

कोरोना भाइरस (कोभिड-१९) को महामारीको कारण उत्पन्न विषम परिस्थितिमा यस अदालतबाट बन्दाबन्दी (लकडाउन) को अवधिमा बन्दीप्रत्यक्षीकरणको निवेदन तथा गम्भीर प्रकृतिका कोभिड-१९ सँग सम्बन्धित विषयका रिट निवेदनको दर्ता र सुनुवाई, पक्राउ अनुमति र जरुरी पक्राउ पूर्जीको समर्थन, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अनुसारको रकम तिरी कैदबाट छोडिपाउँ भन्ने निवेदन र बाल सुधार गृहमा रहेका बालबालिकालाई अभिभावक वा संरक्षकको जिम्मा लगाई पाउँ भन्ने निवेदन दर्ता र सो उपरको कारवाही पूर्व निर्णय अनुसार नियमित रुपमा सम्पादन गर्ने, अभियुक्तलाई अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न अनुमति दिने (म्याद थप गर्ने), अभियोगपत्र दर्ता गर्ने, पक्राउ परी आएका अभियुक्तको बयान लिने, थुनछेक आदेश गर्ने सम्बन्धी कार्य आजदेखि नै नियमित रुपमा गर्ने गराउने तथा बन्दाबन्दीको अवस्था समाप्त भएपश्चात अवधि समाप्त भएको मितिले ३ दिन पछि मुद्दाको नियमित सुनुवाई लगायतका अन्य काम कारवाहीहरु नियमित रुपमा संचालन हुने गरी व्यवस्था मिलाउने लगायतको आज मिति २०७६।१२।२८ गते बसेको सर्वोच्च अदालतको पूर्ण बैठकबाट निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सुनसरी जिल्ला अदालत